दंगीशरण गाउँपालिका
Dangisharan Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
हेकुली, दाङ
Hekuli, Dang,
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

## चाड पर्व (तिहार, छठ) लक्षित गाउँपालिकावासीमा अनुरोध

सूचना नं.: १२/२०८२-८३ (प्रशासन)

मिति: २०८२/०६/३०

नेपालीहरुको महान चाड, **"शुभ-दीपावली (तिहार) र छठ पर्व २०८२"** को अवसरमा सबै गाउँपालिका बासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । चाडपर्वका समयमा अवाञ्छित कार्यहरु नियन्त्रण गरी सभ्य, सुरक्षित, मर्यादित तथा शान्तिपूर्वक रुपमा **"शुभ-दिपावली (तिहार) र छट पर्व २०८२"** मा देहाय बमोजिम कार्यहरु गर्न सबै गाउँपालिकाबासीमा हार्दिक अनुरोध छ ।

१. अत्यावश्यक वस्तुमा कृतिम अभाव सृजना गर्ने, कालोबजारी, मुल्यवृद्धि, म्याद नाघेका वस्तु विक्रि वितरण लगायत उपभोक्ता हित विपरितका कार्यहरु नगर्ने नगराउने ।

२. पटाका, आतिशवाजी, भुइचम्पा जस्ता प्रज्वलनशिल एवं विष्फोटक पदार्थको उत्पादन, ओसारपसार, विक्रि वितरण र प्रयोग नगर्ने/नगराउने ।

३. चाडपर्वको वहानामा गैरकानूनी रुपमा चिठ्ठा, जुवातास, कुनै पनि प्रकारको बाजी वा सट्टेवाजी जस्ता खेल नगर्ने/हुन नदिने ।

४. देउसी, भैलो लगायतका साँस्कृतिक मेला महोत्सव कार्यक्रमहरु सञ्चालन गर्दा मर्यादित, अनुशासित एवं व्यवस्थित ढंगले बेलुकी अधिकतम १०:०० बजेसम्म मात्र सञ्चालन गर्ने ।

५. मादक पदार्थ लगायत नशालु पदार्थ सेवन गरी पर्वका समयमा सार्वजनिक स्थानमा हो-हल्ला झैं झगडा जस्ता कार्यहरु गरी शान्ति सुरक्षालाई असर पर्ने गरी कुनै कार्य नगर्ने/नगराउने ।

६. सवारी साधनमा सीट क्षमता भन्दा बढी यात्रु नबोक्ने, मादक पदार्थ/लागु पदार्थ सेवन गरी सवारी साधन नचलाउने, तोकिएको भाडादर भन्दा बढी भाडा नलिने, ट्राफिक नियम पालना गर्ने गराउने ।

७. कुनै अवाञ्छित गतिविधि हुन लागेको थाहा पाएमा नजिकको प्रहरी वा १०० मा फोन गर्ने ।

८. अबैध रुपमा ~~फुल~~ प्लास्टिक माला भित्रन नदिनका लागि सम्बन्धित निकाय, स्थानीय प्रशासन र वडा कार्यालयमा खबर गर्ने ।

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:-**
श्री सूचना प्रविधि शाखा, वेवसाइटमा सूचना अपलोड गर्नुहुन ।